बैठक संख्या:९५औं (पन्चानब्वे)
समय:

आज मिति २०८१ जेठ १६ गते विदुर नगरपालिकाका नगर प्रमुख श्री राजन श्रेष्ठ ज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको वैठक बसियो ।

| सि.न. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री प्रभा बोगटी | नगर उपप्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री वद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्याम कृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रविन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री वाबुराम तामाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत बहादुर तामाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिब बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तामाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री विन्द्या तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री विनोद कुमार खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

## ९५औँ कार्यपालिका बैठक (२०८१।०२।१६)

विषय सूची:-

१. गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा

२. कार्य प्रक्रियामा राजश्व रसिद हराएको सम्बन्धमा

३. नगरपालिकावाट सञ्चालित आयोजनाहरुमा वेस र सव-वेस उपलब्ध सम्बन्धमा

४. वेरुजु असुल तथा फरफारक सिफारिस समिति सम्बन्धमा

५. विविध

क) खानेपानी योजनाको सशर्त अनुदानतर्फको योजना छनौट सम्बन्धमा

ख) ठेक्काको म्याद थप सम्बन्धमा

ग) गेर्खुटार गेर्खुखोला सिचाइ योजना, विदुर १० को भेरियसन अर्डर स्वीकृत सम्बन्धमा

घ) तरकारी विकास कार्यक्रम सम्बन्धमा

ङ) शहरी स्वास्थ्य केन्द्रको खाता सम्बन्धमा

निर्णयहरू

**प्रस्ताव नं १: गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा**

निर्णय नं १: यस नगर कार्यपालिकाको ९४ औ कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका वारेमा समिक्षा/छलफल गरी कार्यान्वयन हुन वाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्वन्धित शाखाहरुलाई पत्र मार्फत निर्देशन दिएको ।

**प्रस्ताव नं २: कार्य प्रक्रियामा राजश्व रसिद हराएको सम्बन्धमा:**

निर्णय नं २: विदुर नगरपालिकाले जारी गरेको खानीजन्य तथा नदिजन्य पदार्थको राजश्व संकलन रसिद मिति २०८०।०६।१० मा यस कार्यालयका नगर प्रहरी सन्त बहादुर तामाङले वुझिलिएको रसिद वुक नं.२७ रसिद नं.१३०१ देखि १३५० सम्मको राजश्व संकलनमा प्रयोग गर्ने केहि प्रयोग भइसकेको संख्या उल्लेख गरी विल हराएको भनी निजले यस कार्यालयलाई जानकारी गराएको सो सम्बन्धमा निजलाइ स्प्रष्टिकरण समेत सोधिएकोमा बिल हराएको यथार्थ नै रहेको पछि बदमासी पुष्टी भए कानून अनुसार सहुँला भनी आशय व्यक्त गरेकोले त्यस सम्बन्धमा निजले १३०१ देखि १३०५ सम्मको प्रति रसिद १३५० को दरले ६,७५० रकम दाखिला गरेकोले त्यसै रसिदलाइ आधार मानी बाँकी हराएको ४५ वटा रसिदको १३५० का दरले हुन आउने रकम रू ६०,७५०। (अक्षेरूपी साठी हजार सात सय पचास मात्र) तलब भत्ताबाट असुल उपर गर्ने गरी आवश्यक कार्वाही गर्न सम्बन्धित शाखालाई निर्देशन दिने ।

**प्रस्ताव नं ५: विविध**

निर्णय नं ५:

**क) खानेपानी योजनाको सशर्त अनुदान तर्फको योजना छनौट सम्बन्धमा**

वागमती प्रदेश खानेपानी उर्जा तथा सिंचाई मन्त्रालयको च.नं.६४७ मिति २०८१।०२।१३ को पत्र अनुसार आर्थिक वर्ष ०८१/०८२ को लागि तपसिलमा उल्लेखित योजनाहरु छनौट गरी पठाउने।

तपसिल:

१. एतिहासिक नुवाकोट दरबार खानेपानी आयोजना, विदुर २
२. पिपलटार लिफ्ट सिचाइ योजना, विदुर ५

**ख) ठेक्काको म्याद थप सम्बन्धमा**

यस कार्यालयवाट निर्माण भइरहेको तपसिलमा उल्लेखित योजनाको ठेक्का सम्झौता अनुसार काम सम्पन्न नभएको हुँदा निम्न लिखित योजनाको म्याद थप गरी थपिएको समयमा काम सम्पन्न गर्न सम्बन्धित निर्माण व्यवसायीहरुलाई पत्राचार गर्ने।

तपसिल

१. स्यानिटरी ल्याण्डफिल्ड साइट निर्माण, विदुर ४ को म्याद थप मिति २०८१।०३।२० सम्म
२. त्रिभुवन त्रिशुली मा.वि. खेलमैदान निर्माण, विदुर १ को म्याद थप मिति २०८१।०३।२० सम्म

**ग) गेर्खुटार गेर्खुखोला सिचाइ योजना, विदुर १० को भेरियसन अर्डर स्वीकृत सम्बन्धमा**

प्रदेश सशर्त अनुदान अन्तर्गत निर्माणाधिन गेर्खुटार गेर्खुखोला सिचाइ योजना, विदुर १० को प्राविधिक शाखाबाट तयार भएको ६.८६ प्रतिशतले हुन आउने रकम रू ८८,२५२.९३/ (अक्षेरूपी अठासी हजार दुइ सय बाउन्न दशमलब त्रियानब्बे मात्र) को भेरियसन अर्डर स्वीकृत गर्ने।

**घ) तरकारी विकास कार्यक्रम सम्बन्धमा**

विदुर नगरपालिका आर्थिक विकास समितिबाट निर्णय भई पेश हुन आएको प्रदेश सशर्त कार्यक्रम अन्तर्गत तरकारी विकास कार्यक्रमको लागि आवेदकबाट माग भए अनुसार संरचना निर्माणामा ८० प्रतिशत र अन्य चालु प्रकृतिका क्रियाकलापमा ५० प्रतिशत अनुदानमा कार्यक्रम गर्न छनौट भई आएका निर्णय अनुमोदन गर्ने।

**ङ) शहरी स्वास्थ्य केन्द्रको खाता सम्बन्धमा**

शहरी स्वास्थ्य केन्द्रमा संचालन भएको खाता बन्द गरी त्यहाँ कार्यरत स्वास्थ्य इन्चार्जलाई मासिक रू ५,०००। का दरले स्वास्थ्य केन्द्र संचालन खर्च उपलब्ध गराउने।

**प्रस्ताव नं ३: नगर कार्यपालिकावाट सञ्चालित आयोजनाहरुमा वेस र सव-वेस उपलब्ध गराउने सम्बन्धमा**

निर्णय नं ३: सङ्घीय सरकार/प्रदेश सरकार र स्थानीय सरकारवाट वजेट विनियोजन भई निर्माण चरणमा रहेको योजनाको लागि आवश्यक पर्ने नदिजन्य, खानीजन्य तथा माटोजन्य पदार्थको यस कार्यालयले I.E.E.(वातवरणीय अध्ययन प्रतिवेदन) गरेको क्षेत्रवाट साधारण निर्माणजन्य पदार्थको संकलन, उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७७ को दफा १४ अनुसार गठित निर्माणजन्य सामाग्री सिफारिस समितिले BOQ अनुसार सिफारिस गरेको परिमाण उत्खनन् गरी तोकिएको शुल्क लिई कार्यविधिको दफा १६ बमोजिम गठित अनुगमन समितिले निरन्तर अनुगमन र प्राविधिकले एरिया छुट्टाइ दैनिक लगत राख्ने गरी सम्बन्धित योजना स्थल सम्म लैजान अनुमती प्रदान गर्ने । अनुमति दिएको भन्दा बढी तथा अन्य स्थानमा जम्मा गरे दोब्बर शुल्क लिइ जरिवाना गर्ने ।

<u>तपसिल:</u>

१. अर्किड चोक देखी चुवाको बोट खोल्सी देखि कुवा हुँदै गंगटे निस्कने नया बाटो निर्माण, विदुर ४
२. तुप्चे सोले सडक, विदुर ७
३. तोरी मिल देखि बसपार्क सडक, विदुर १
४. मैदान टोल भैरवनेपालीको घर देखि वेरेली हुँदै तोपखाना निस्कने सडक, विदुर २
५. मुलपानी देखि वडा कार्यालय जाने सडक, विदुर १२

**प्रस्ताव नं ४: वेरुजु असुल तथा फरफारक सिफारिस समिति गठन सम्बन्धमा**

निर्णय नं ४: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १४ अनुसार वेरुजु असुल तथा फरफारक सम्बन्धी कार्यको लागि तपसिलमा उल्लेखित एक वेरुजु असुली तथा फरफारक सिफारिस समिति गठन गर्ने । सो समितिले बेरूजु फरफारक र असुली सम्बन्धी कार्य गरी कार्यपालिकामा सिफारिस गर्ने ।

<u>तपसिल:</u>

| | |
|---|---|
| १. संयोजक श्री प्रभा बोगटी | उपप्रमुख |
| २. सदस्य श्री लेनिन रन्जित | वडा नं १ अध्यक्ष |
| ३. सदस्य श्री लिलानाथ न्यैपाने | वडा नं ५ अध्यक्ष |
| ४. सदस्य श्री गणेश कुमार नेपाल | वडा नं १० अध्यक्ष |
| ५. सदस्य सचिव श्री बद्रि कुमार रिजाल | आर्थिक प्रशासन शाखा |